प्रकाशीत मिती: 2066/02/23

**प्रदेश नं. १**

**भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय**

**विराटनगर, मोरङ**

# कोभिड-१९ प्रभाव न्युनिकरण गर्ने कृषि व्यवसाय राहत कार्यक्रम सम्बन्धि सूचना

कोरोना भाइरसको नियन्त्रण गर्न लकडाउनका कारण कृषि तथा पशुपन्छीजन्य उत्पादन क्षेत्रमा परेको प्रतिकूल प्रभावबाट कृषकहरुलाई संरक्षण गर्न "कृषि व्यवसाय राहत कार्यक्रम संचालन निर्देशिका २०७७" अनुसार राहत प्रदान गर्न यो सूचना प्रकाशन गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले "कृषि व्यवसाय राहत कार्यक्रम संचालन निर्देशिका २०७७" को दफा ५ को उपदफा (१) को खण्ड (क) बमोजिम १५(पन्ध्र) दिन भित्र निम्न लिखित कागजात सहित आ-आफ्नो जिल्लाको कृषि ज्ञान केन्द्र वा पशु सेवा विज्ञ केन्द्र वा सम्बन्धित स्थानीय तहको कृषि विकास/पशु विकास शाखामा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले तोकेको ढाँचामा निवेदन पेश गर्न सम्बन्धित सबै व्यक्ति वा फार्महरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यो कृषि व्यवसाय राहत कार्यक्रम चालु आर्थिक वर्ष भित्रमा नै कार्यान्वयन गरिनेछ । राहतका लागि निवेदकले पेश गर्नुपर्ने फारामको ढाँचा, अन्य विवरण र "कृषि व्यवसाय राहत कार्यक्रम संचालन निर्देशिका २०७७" मन्त्रालयको वेबसाईट www.molmac.p1.gov.np मा उपलब्ध छ ।

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु**

१. मन्त्रालयको वेबसाईट (www.molmac.p1.gov.np) मा राखिएको ढाँचा अनुसारको निवेदन

२. कृषि तथा पशुपन्छीजन्य उत्पादनमा भएको क्षतिको स्पष्ट व्यहोरा खोली प्रदेश सरकार वा स्थानीय तहको कृषि विकास, पशु विकास शाखाका कृषि प्राविधिकको प्रतिवेदन।

३. स्थानीय तहको वडा कार्यालयबाट सम्बन्धित बाली वस्तुमा भएको क्षतिको परिमाण खुलेको सक्कलै सिफारिस पत्र।

४. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी।

५. उत्पादनको बीमा गरेको हकमा बीमा गरेको कागजातहरुको प्रमाणित प्रतिलिपी।